
# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२
# बाँके

**(Cold Wave Preparedness and Response Plan, Banke- 2082)**

जिल्ला विपद् व्यवस्थापन समिति, बाँके




---

दस्तावेजः शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२, बाँके ।
Cold Wave Preparedness and Response Plan,Banke 2082
प्रकाशकः जिल्ला विपद् व्यवस्थापन समिति, बाँके
प्रकाशन मितिः २०८२
सर्वाधिकारः ©प्रकाशकमा

सल्लाहकारः श्री दिल कुमार तामाङ, प्रमुख जिल्ला अधिकारी, बाँके
श्री महेश कुमार गुरुङ, सहायक प्रमुख जिल्ला अधिकारी, बाँके
श्री पूर्ण बहादुर खत्री, सहायक प्रमुख जिल्ला अधिकारी, बाँके

संयोजनः श्री रुपन ज्ञवाली, फोकल पर्सन **DEOC** बाँके

फोन नंः जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**DEOC**) ०८१५३५१११

ईमेल : deocbanke@gmail.com

---

जिल्ला विपद् व्यवस्थापन समिति, बाँकेको मितिः २०८२ कार्तिक १३ गतेको बैठकबाट स्वीकृत
शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२, बाँके

## विषयसूची


१. पृष्ठभूमि ........ 4

२. उद्देश्य ........ 5

३. जिल्लामा हावापानीको वस्तुस्थिति ........ 6

४. शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्रहरू ........ 6

५. सम्भावित प्रभावहरू ........ 7

६. प्रभावित हुन सक्ने समूह ........ 8

७. विगत १३ बर्षमा शीतलहर तथा चिसोले पारेको प्रभाव ........ 9

८. अवरोध ........ 9

९. विपद् परिदृश्य तथा योजना अवधारणाहरू ........ 9

१०. समन्वय तथा जिम्मेवारी ........ 10

११. पूर्वतयारी ........ 10

१२. परिचालन हुनसक्ने जनशक्ति विवरण ........ 12

१३. जिल्लामा रहेको पूर्वतयारी स्वरूप राहत सामाग्री विवरण ........ 12

१४. निकायगत भूमिका तथा जिम्मेवारी ........ 13

१५. प्रतिकार्य विवरण ........ 15

१६. शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना ........ 15

१७ . शीतलहर तथा चिसोबाट जोगिन गर्ने पूर्वतयारीहरू ........ 17

१८.शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना ........ 19

१९.शितलहर तथा चिसो प्रभावित विपन्नहरूकोलागि राहत वितरण गर्न पहिचान फारम ........ 24

# शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, बाँके

## २०८२

## १. पृष्ठभूमि

बाँके जिल्ला विशेष गरी बाढी, आगलागी, हावाहुरी, लू, शीतलहर र महामारी जस्ता विपद्‌बाट बढी प्रभावित भइरहने जिल्ला हो। अन्य विपद्‌का घटनाहरूमा खुख्खा खडेरी, फौजी कीराको प्रकोप, डुबान, सडक दुर्घटना आदि पर्दछन्। यी विभिन्न प्रकोप मध्ये बाँकेमा शीतलहर पनि एक मुख्य प्रकोप भएकोले यसको व्यवस्थापनका निमित्त समेत सबै सरोकारवालाहरू समन्वयात्मक ढंगले लाग्नुपर्ने आवश्यकतालाई मध्यनजर गरी जिल्ला विपद् व्यवस्थापन समिति, बाँकेले यो शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना (Cold Wave Preparedness and Response Plan) तयार गरी लागू गरिएको छ।

यस जिल्लामा कुनै कुनै वर्ष मंसिरदेखि फाल्गुनसम्म बाक्लो हुस्सु लाग्ने र अत्यधिक चिसो हुने गर्दछ। चिसोबाट बालबालिका र बृद्धबृद्धाहरू बढी प्रभावित हुने गरेका छन्। यसैगरी, न्यानो कपडा नभएका अर्थात् गरीब परिवार समेत शीतलहरको उच्च जोखिममा रहेका छन्। यस जिल्लामा चिसो शुरु हुनासाथ बालबालिकामा न्युमोनिया लगायतका चिसोको कारण हुने रोगहरू बढी देखिने गरेका छन्।

शीतलहरको असर कम गर्नका लागि समुदायको साथै सरकारी, गैरसरकारी, निजी क्षेत्र, आम सञ्चार लगायतका सरोकारवाला निकायहरूले आवश्यक पूर्वतयारी र सर्तकता अपनाउन जरुरी छ। यसै कुरालाई मनन गरी यस योजनामा जिल्ला विपद् व्यवस्थापन समितिका सवै सदस्य तथा सरोकारवालाहरूका विभिन्न जिम्मेवारी र क्रियाकलापहरू समावेश गरिएको छ। चिसोको समयमा आवश्यकता अनुसार दाउरा उपलब्ध गराई गाउँबस्ती र शहरका विभिन्न चौकहरूमा सामुहिक रूपमा आगो ताप्ने व्यवस्था र न्यानो कपडा तथा कम्बल बितरण गर्ने व्यवस्था यस योजनामा समेटिएको छ । जिल्ला विपद् व्यवस्थापन समितिले शीतलहर पूर्वतयारी स्वरूप कम्बल खरिद गरी वितरण गर्ने गरेको छ भने रेडक्रस लगायत अन्य संघसंस्थाहरूले पनि जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी शीतलहरसँग जुध्ने पूर्वतयारी गरेका छन्।

यस जिल्लामा भइरहने विपद्‌का घटना र त्यसबाट हुने क्षति तथा प्रभावलाई कम गर्न योजनाबद्ध रूपमा कार्य गर्नका लागि विभिन्न किसिमका योजना तथा निर्देशिका समेत तयार भएको र जिल्लास्थित विभिन्न सरोकारवाला निकाय, नागरिक समाजका साथै विपद् प्रभावित समुदाय साथै संघ, प्रदेश र स्थानीय तहसँग प्रभावकारी समन्वय गर्नका लागि जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रको स्थापना भई क्रियाशील रहेको छ।

विगतका वर्षहरूमा शीतलहरको प्रकोप यस जिल्लामा व्यापक रूपमा परेर जनजीवनलाई अस्तव्यस्त पारिरहेको अवस्था छ। त्यसैले यस किसिमका विपद्‌जन्य घटनाको प्रभावकारी व्यवस्थापन गरी जनजीवनलाई राहत महसुस गराउन सबै सरोकारवालाहरू समन्वयात्मक ढंगले परिचालित हुन जरुरी छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि संघ, प्रदेश र स्थानीय तहसम्मका संस्थागत संरचनामा विपद्‌को सामना गर्ने क्षमता अभिवृद्धि गर्दै सुरक्षित समुदायको विकासमा अगाडि बढ्नु आवश्यक देखिन्छ।

**तालिका १: बाँके जिल्लाको स्थानीय तह अनुसारको जनसांख्यिक विवरण**

| जिल्ला/स्थानीय तह | जनगणना घर संख्या | परिवार संख्या | जनसंख्या | | |
|---|---|---|---|---|---|
| | | | जम्मा | पुरुष | महिला |
| बैजनाथ गाउँपालिका | १५४३९ | १६७६५ | ७०३१५ | ३२७३९ | ३७५७६ |
| डुडुवा गाउँपालिका | ६१५२ | ८११२ | ४३०३९ | २१७९८ | २१२४१ |
| जानकी गाउँपालिका | ७२६३ | ९७२४ | ४६५३६ | २३३८६ | २३१५० |
| खजुरा गाउँपालिका | १२२१३ | १३८८५ | ६३७४९ | ३०२८४ | ३३४६५ |
| कोहलपुर नगरपालिका | २१२५१ | २४३४६ | १००२८९ | ४६३२४ | ५१९६५ |
| नरैनापुर गाउँपालिका | ६९४१ | ८६८० | ४३६९८ | २१७२२ | २१८७६ |
| नेपालगञ्ज उपमहानगरपालिका | २६४९१ | ३५५१७ | १६६२५८ | ८३३११ | ८२९४७ |
| राप्तीसोनारी गाउँपालिका | १४३८० | १५४९१ | ६७७८२ | ३२०१५ | ३५७६७ |
| जम्मा | **११०१३०** | **१३२५२०** | **६०१६६६** | **२९१५७९** | **३०७९८७** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८

यस जिल्लामा चिसो मौसममा हुने शीतलहरले जनस्वास्थ्य, खेतिबाली (अन्नबाली तथा तरकारी खेतीहरू) क्षति पुऱ्याउनुको साथै पशुपन्छी पालन, व्यापार व्यवसाय साथै समग्र जनजीवनमा असर गर्ने गरेको छ।

नेपाल सरकारबाट स्वीकृत विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी विभिन्न ऐन, नीति नियम, रणनिति तथा कार्ययोजना जस्ता दस्तावेजहरूका मार्गदर्शन, स्थानीय तहहरूबाट संकलित सूचना समेतका आधारमा यस जिल्लामा हिउँद याममा हुन सक्ने शीतलहरलाई दृष्टिगत गरी सो अगाडि नै अपनाइने सावधानीहरू, शीतलहरको समयमा गरिने लेखाजोखा र प्रभावितहरूलाई राहत वितरण जस्ता मानवीय सहयोग (Humanitarian Assistance) एवम् सल्लाह सुझाव, समन्वय र सहयोग सम्बन्धमा जिल्ला विपद् व्यवस्थापन समिति बाँकेले **शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना, २०८२** तयार गरेको छ। यस वर्ष शीतलहरवाट जिल्लामा ३५ हजार परिवारको १ लाख ५० हजार जनसख्या प्रभावित हुनसक्ने आँकलन गरिएको छ।

समग्रमा, बाँके जिल्लाको शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना सबै विषयगत क्षेत्रको नेतृत्व तथा सह–नेतृत्व गर्ने सरकारी तथा गैरसरकारी निकायहरू, स्थानीय तह र विषयगत शाखाहरूले आआफ्नो विषयगत क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्यसँग सम्बन्धित कार्य गर्नुपर्छ।

## २. उद्देश्य

शीतलहरले निम्त्याउन सक्ने जोखिमको विश्लेषण गरी त्यसप्रति सजग रहन, तत्काल राहत तथा उद्धार कार्यमा जिल्ला तथा स्थानीय तहस्थित सम्पूर्ण सरकारी तथा गैरसरकारी निकायहरूको समन्वय, सहकार्य र सहभागितामा शीतलहरबाट हुन सक्ने सम्भावित क्षति र प्रभाव न्यूनीकरण गर्नु रहेको छ। मूख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन्:-

(क) विपद्को अवस्थामा प्रभावितहरूको जनधनको सुरक्षा तथा मानवीय सहयोगका लागि पूर्वतयारी तथा प्रतिकार्य गर्नु,

(ख) स्रोतसाधनको अधिकतम उपयोग गरी पूर्वतयारी तथा प्रतिकार्यलाई शीघ्र एवं प्रभावकारी बनाउनु,

(ग) आपत्कालीन प्रतिकार्यका लागि सबै तहका सरकार एवं सरोकारवाला निकायहरूको परिचालन एवं समन्वय सुनिश्चित गर्नु.

(घ) चिसोका कारण हुन सक्ने संक्रमण रोक्न स्वास्थ्य मापदण्डको पालना गर्नु, गराउनु।

## ३. जिल्लामा हावापानीको वस्तुस्थिति

यस जिल्लाको हावापानी उष्णदेखि समशीतोष्णसम्म रही आएको पाइन्छ। यहाँ गर्मीमा अत्यधिक गर्मी हुने, लू चल्ने तथा जाडो मौसममा शीतलहर चलेर अत्यधिक जाडो हुने गर्दछ।यस जिल्लाको अधिकतम तापक्रम ४६ डि.से. र न्यूनतम ४.२ डि.से.सम्म रेकर्ड गरिएको छ। हालसम्म मापन गरिएकोमा अधिकतम वार्षिक वर्षा १९१२ मि.मि., औसत सापेक्षिक आद्रता ७१.४ रहेको छ ।

## ४. शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्रहरू

बाँके जिल्लाका सबै स्थानीय तहहरू शीतलहरबाट प्रभावित हुन सक्ने देखिन्छ। तथापि नेपालगञ्ज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाका क्षेत्रहरू र अन्य स्थानीय तहहरूका व्यवस्थित बसोबास तथा चेतनाको स्तर उच्च भएका क्षेत्रहरूमा यसको प्रभाव कम हुन सक्दछ। नेपालगञ्ज उपमहानगरपालिका, कोहलपुर नगरपालिका, खजुरा गाउँपालिका, बैजनाथ गाउँपालिका, राप्तीसोनारी गाउँपालिका, जानकी गाउँपालिका, डुडुवा गाउँपालिका र नरैनापुर गाउँपालिकाहरू क्रमशः न्यून प्रभावितदेखि बढी प्रभावित क्षेत्र अनुसार राखिएको छ। प्रस्तुत तथ्याङ्क विषेश गरी बालबालिका, जेष्ठ नागरिक, सुत्केरी, गर्भवती,अपाङ्गता भएका तथा २०७१ तथा २०७४ र २०७९ सालको बाढीबाट पूर्ण प्रभावित परिवार भई घरवार बिहीनको तथ्याङ्कको आधारमा रहेको छ। अधिकांश स्थानमा शीतलहरवाट गरीब समुदायका व्यक्तिहरू नै बढी प्रभावित हुने देखिन्छ। यी सबैलाई आधार मानी प्रभावित हुन सक्ने परिवार संख्या आँकलन गरिएको छ।

तालिका २: शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र तथा जनसंख्या

| क्र.सं. | स्थान | जम्मा परिवार संख्या | शीतलहरवाट प्रभावित हुनसक्ने | | |
|---|---|---|---|---|---|
| | | | प्रतिशत | परिवार संख्या | जनसंख्या |
| १ | नेपालगञ्ज उपमहानगरपालिका | ३५५१७ | २५ | ८५२४ | ४२६२० |
| २ | कोहलपुर नगरपालिका | २४३४६ | १७ | ४१३८ | २०६९४ |
| ३ | खजुरा गाउँपालिका | १३८८५ | २३ | ३१९३ | १५९६७ |
| ४ | जानकी गाउँपालिका | ९७२४ | ४० | ३८८९ | १९४४८ |
| ५ | बैजनाथ गाउँपालिका | १६७६५ | २१ | ३५२० | १७६०३ |
| ६ | राप्तीसोनारी गाउँपालिका | १५४९१ | २५ | ३८७२ | १९३६३ |
| ७ | नरैनापर गाउँपालिका | ८६८० | ५१ | ४४२६ | २२१३४ |
| ८ | डुडुवा गाउँपालिका | ८११२ | ५२ | ४२१८ | २१०९१ |
| **जम्मा** | | **१३२५२०** | | **३५७८०** | **१७८९२०** |

*स्रोत: गाँउपालिका नगरपालिका प्रोफाइल, २०७४ को खण्ड ६.१ को गरिवीको अवस्था सम्वन्धि विवरण*

नोटः

(क) शीतलहर जोखिम स्तरीकरण सम्बन्धित पालिकाको गरिबी सूचाङ्क, विपन्नता, समुदायको जीवनशैली, प्राकृतिक स्रोत साधनमा पहुँच आदिको आधारमा गरिएको छ ।

(ख) प्रभावित हुनसक्ने संख्याः ३५००० घरधुरी र १७८००० जनसंख्या ।

## ५. सम्भावित प्रभावहरू

(क) **जनस्वास्थ्यमा पर्नसक्ने असर**:

- अत्यधिक चिसोका कारण निमोनिया र श्वासप्रश्वास सम्बन्धी समस्याहरू उत्पन्न हुनसक्ने। पहिलेदेखि यस्तो समस्या भएका नागरिकलाई थप समस्या हुनसक्ने।
- बालबालिका, जेष्ठनागरिक,, दीर्घ रोगको औषधी सेवन गरिरहेका व्यक्तिहरू,अपाङ्गता भएका व्यक्तिहरु र कमजोर स्वास्थ्य अवस्थाका व्यक्तिमा थप जटिलता उत्पन्न हुनसक्ने।
- अत्यधिक चिसो हुँदा स्वास्थ्यमा पर्याप्त ध्यान नदिँदा हाइपोथर्मिया भई मृत्यु समेत हुनसक्ने।

(ख) **आर्थिक असर:**

- तरकारी तथा फलफूल खेतीमा क्षति पुग्न सक्ने।
- दैनिक ज्यालादारीमा निर्भर मजदुरहरूको काम प्रभावित भई गुजारा चलाउन कठिनाइ हुन सक्ने।
- पशुपन्छी बिरामी हुने वा मर्न सक्ने।

(ग) **जनजीवन प्रभावित हुनसक्ने:**

- हिड्डुल तथा काम गर्न कठिनाइ हुन सक्ने।
- विद्यालय बन्द गर्नुपर्ने अवस्था आउन सक्ने।
- यातायात र हवाई सेवामा अवरोध हुन सक्ने।
- स्वास्थ्य संस्थाहरू सञ्चालनमा कठिनाइ हुन सक्ने।
- दूरसञ्चार प्रणाली अवरुद्ध हुन सक्ने।
- हिटर, एसी लगायतका उपकरण चलाउन बिजुलीको अत्यधिक माग हुँदा कटौती हुन सक्ने।
- सार्वजनिक सेवा प्रवाहमा प्रतिकूल प्रभाव पर्न सक्ने।
- उद्योग कलकारखाना तथा व्यापार व्यवसायमा प्रतिकूल असर पर्न सक्ने।

(घ) **दुर्घटनाको जोखिम बढ्ने:**

- कोठा न्यानो बनाउन आगो, मकल, हिटर, ग्यास आदि बाल्दा निसास्सिएर घाइते तथा मृत्यु समेत हुन सक्ने।
- आगो ताप्दा कपडामा आगो सल्किएर जलन हुन सक्ने।
- बाक्लो हुस्सु कुहिरोको कारण कम दृश्यक्षमता (Poor visibility) हुँदा यातायात तथा आवागमनमा असर पर्ने साथै सडक दुर्घटनाका घटना बढ्न सक्ने तथा हवाई उडान प्रभावित हुने।

## ६. प्रभावित हुन सक्ने समूह

| प्रभावित हुन सक्ने समूह | असरहरू |
| --- | --- |
| जेष्ठ नागरिक (८० वर्षभन्दा माथि) | श्वासप्रश्वासजन्य रोग, नसा सम्बन्धी, मृत्यु हुन सक्ने, आर्थिक क्षति |
| बालबालिका (५ वर्ष भन्दा मुनी) | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वञ्चित, कुपोषण, हिँडडुलमा समस्या |
| अपाङ्गता भएका व्यक्ति | पखाला, आँउ, चिसोबाट हुने रोग, मृत्यु, विद्यालय शिक्षाबाट वञ्चित, कुपोषण, हिँडडुलमा समस्या |
| गर्भवती महिला | पोषणजन्य खानाको अभाव, चिसोले बेहोश हुने, शरीर दुख्ने |
| सुत्केरी | चिसोजन्य रोग, सरसफाईमा समस्या |

| | |
|---|---|
| दीर्घरोगी | उपचारमा समस्या, रोग जटिलता हुने, मृत्यु हुन सक्ने |
| सडक मानव | कठाङ्ग्रिने, चिसोबाट मृत्यु हुने |
| गरीब तथा विपन्न | कठाङ्गिने, चिसोबाट मृत्यु हुने |
| ज्यालादारी मजदूर | काम गुम्ने सम्भावना |
| विद्यालय जाने उमेरका बालबालिका | विद्यालय बन्द हुनाले पढाई प्रभावित हुने |

## ७. विगत १३ बर्षमा शीतलहर तथा चिसोले पारेको प्रभाव

| वर्ष | शीतलहरको अवधि | प्रभाव |
|---|---|---|
| २०८१ | १०–१५ दिन | मध्यम |
| २०८० | ७–१० दिन | मध्यम |
| २०७९ | १०–१५ दिन | मध्यम |
| २०७८ | १०–१५ दिन | मध्यम |
| २०७७ | १०–१५ दिन | मध्यम |
| २०७६ | १०–१५ दिन | मध्यम |
| २०७५ | ३० दिन | उच्च |
| २०७४ | ७ दिन | सामान्य |
| २०७३ | १० दिन | मध्यम |
| २०७२ | केही दिन | सामान्य |
| २०७१ | ७ दिन | मध्यम |
| २०७० | केही दिन | सामान्य |
| २०६९ | ४५ दिन | उच्च |

## ८. अवरोध

बाँके जिल्लामा विगतका दिनका अनुभवहरूलाई केलाउँदा शीतलहरको समयमा एक ठाउँदेखि अर्को ठाउँसम्म जाँदा निकै कठिन हुने गरेको पाइएको छ । शीतलहरको समयमा जिल्लाका सबैजसो स्थानहरूमा बाक्लो हुस्सु तथा शीतलहरका कारण भिजिविलिटी कमी भई सडक दुर्घटना हुने भएकाले यातायातका साधन प्रयोग गर्दा त्रासको महसूस गर्ने र अत्यधिक चिसोको कारण घरदेखि बाहिर निस्कन नसक्ने अवस्था आउन सक्छ ।

## ९. विपद् परिदृश्य तथा योजना अवधारणाहरू

विभिन्न प्रकारका प्रकोपबाट उत्पन्न हुने विपदबाट प्रभावित जिल्लाको सूचीमा बाँके पनि रहेको छ। जिल्लामा हरेक वर्ष बाढी, आगलागी, सितलहर, हावाहुरी, जनावरको आक्रमण र सडक दुर्घटनाजन्य विपद्का कारण जनधनको क्षति हुने गरेको छ । जिल्ला विपद्पूर्वतयारी तथा प्रतिकार्य योजना २०८२

मा स्तरीकरण गर्दा ७ स्थानमा रहेको शीतलहर तथा नियमित भइरहने विपद्को समयमा मानवीय सहायतालाई प्रभावकारीरूपमा अघि बढाउन आवश्यक छ । त्यसैले जिल्ला विपद् व्यवस्थापन समितिले जिल्ला शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना अद्यावधिक गरेको छ । जिल्लामा उपलब्ध स्रोतसाधनको अधिकतम उपयोग गर्दै प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी र जवाफदेही तरिकाले मानवीय सहयोग उपलब्ध गराउनु तथा विपद् जोखिम न्यूनीकरणका गतिविधिहरूलाई संस्थागत रूपमा प्रवद्र्धन गर्नु यस योजनाको मूल उद्देश्य रहेको छ ।

## १०. समन्वय तथा जिम्मेवारी

- जिल्ला विपद् पुर्वतयारी तथा प्रतिकार्य योजनामा उल्लेख भए वमोजिमका क्षेत्रगत अगुवा सबैले कार्ययोजना तयार पारी शीतलहरको पूर्वतयारी तथा प्रतिकार्यमा तयार रहने,
- शीतलहर प्रभावितहरूलाई विना भेदभाव राहत उपलब्ध गराउने र सो क्रममा संकटासन्न समूह (बालबालिका, जेष्ठ नागरिक, अपाङ्गता, सुत्केरी तथा गर्भवती महिला) भएका व्यक्तिलाई प्राथमिकता दिएर उद्धार गरी जीवन बचाउनु,
- शीतलहरको प्रभावबाट सुरक्षित राख्ने उपायहरूको बारेमा स्थानीय विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने सबै सरकारी तथा गैरसरकारी संघसंस्थाहरू समेतलाइ जोखिम न्यूनीकरण गर्नको लागि अनुरोध गर्ने
- विपद्को समयमा संघीय सरकार, प्रदेश सरकार, स्थानीय तह, दातृ निकाय, सबै विषयगत क्षेत्र, सहयोगी संस्था तथा नागरिक समाजबीच समन्वय कायम गर्नु,
- नियमित रूपमा अनुगमन गरी सबै विषयगत क्षेत्रहरूलाई परिचालन गर्नु र पृष्ठपोषण दिनु,
- शीतलहरबाट प्रभावित हुन सक्ने क्षेत्र, गाउँ, टोल, परिवारहरूको पहिचान गरी राहत तथा सहयोगको लागि जिल्ला अगुवा सहयोगी निकाय (DLSA) को समन्वयमा सवै सरोकारवाला निकायहरूलाई विशेष गरेर दाउरा, कम्बल, न्यानो कपडा जस्ता सामग्रीहरूको पूर्वप्रवन्ध गरी तयारी अवस्थामा रहन राख्ने र राख्न लगाउने,
- जाडो याममा हुन सक्ने स्वास्थ्य सम्बन्धी समस्यालाई न्यूनीकरण गर्न जनचेतनामूलक कार्यक्रम तत्काल सञ्चालन गर्ने र स्वास्थ्यकर्मी तथा औषधिहरू तयारी अवस्थामा राख्ने व्यवस्था मिलाउने,
- शीतलहरबाट सुरक्षित रहनका लागि सचेतनात्मक सन्देशमूलक सूचना एवम् जानकारी स्थानीय संचार माध्यममार्फत् स्थानीय भाषामा समेत सन्देशमूलक सामग्रीहरू प्रशारण गर्न स्थानीय संचार माध्यम तथा स्थानीय गैरसरकारी निकायबाट प्रचार प्रसार गर्ने व्यवस्था मिलाउने ।

## ११. पूर्वतयारी

- विपद्सँग सम्बन्धित सरोकारवाला निकायहरूसँग समन्वय बैठक गर्ने,
- सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूलाई जनचेतनामूलक कार्य गर्न लगाउने,
- सबै स्थानीय तहका विपद् व्यवस्थापन समितिहरूमा शीतलहर पूर्वतयारी कार्यशाला सञ्चालन गर्न लगाउने

- स्थानीय तहका संकटासन्न क्षेत्रको नक्साँकन गर्ने र विपद् पूर्वतयारी सम्बन्धी अभिमुखीकरण गर्ने
- विषयगत समितिहरूको नियमित बैठक गर्ने
- जिल्लामा न्यानो कपडा सेट र कम्बल व्यवस्थापनका लागि सरोकारवाला निकायमा पहल गर्ने,
- सबै स्थानीय तह र सरोकारवाला निकायसँग समन्वय गरी दाउराको व्यवस्थापन गर्ने ।
- स्थानीय एफ. एम. रेडियो र पत्रपत्रिकाहरूबाट जनचेतनामूलक सन्देशहरू प्रसारण गर्ने ।

## १२. परिचालन हुनसक्ने जनशक्ति विवरण

| क्र.सं. | निकाय | परिचालन हुनसक्ने जनशक्ति | स्वास्थ्यकर्मी |
|---|---|---|---|
| १ | नेपाली सेना, बज्रदल गण | ५०० | १० |
| २ | नेपाल प्रहरी | ७०० | ५ |
| ३ | शसस्त्र प्रहरी बल, ३० नं.गण | ४०० | ५ |
| ४ | नेपाल रेडक्रस सोसाइटी | १५० | – |
| ५ | नेपालगञ्ज उपमहानगरपालिका | १५० | ७० |
| ६ | कोहलपुर नगरपालिका | १०० | ५० |
| ७ | खजुरा गाउँपालिका | ५० | ३० |
| ८ | जानकी गाउँपालिका | ५० | ३० |
| ९ | बैजनाथ गाउँपालिका | ५० | ३० |
| १० | राप्तीसोनारी गाउँपालिका | ५० | ३० |
| ११ | नरैनापुर गाउँपालिका | ५० | ३० |
| १२ | डुडुवा गाउँपालिका | ५० | ३० |
| १३ | संघसस्थाहरू | ५० | – |
| १४ | जिल्लाका निजि अस्पतालहरू | – | १०० |

## १३. जिल्लामा रहेको पूर्वतयारी स्वरूप राहत सामाग्री विवरण

| क्र.सं. | निकाय | कम्बल | त्रिपाल | न्यानो कपडा | आपतकालीन विपद् कोषबाट शितलहरमा उपलब्ध गराउन सक्ने रकम |
|---|---|---|---|---|---|
| १ | जिल्ला विपद् व्यवस्थापन समिति | १५० | ६० | - | |
| २ | नेपाल रेडक्रस सोसाइटी | १०० | १०० | - | |
| ३ | नेपालगञ्ज उपमहानगरपालिका | ५० | १०० | - | २० लाख |
| ४ | कोहलपुर नगरपालिका | | - | - | १५ लाख |
| ५ | खजुरा गाउँपालिका | | - | - | १० लाख |
| ६ | जानकी गाउँपालिका | ३५० | - | - | १० लाख |
| ७ | बैजनाथ गाउँपालिका | - | - | - | १० लाख |
| ८ | राप्तीसोनारी गाउँपालिका | - | - | - | १० लाख |
| ९ | नरैनापुर गाउँपालिका | - | - | - | १० लाख |
| १० | डुडुवा गाउँपालिका | - | - | - | १० लाख |
| ११ | युनिसेफ | ५०० | ५०० | ५०० | |
| १२ | सेभ द चिल्ड्रेन | ५०० | ५०० | ४०० | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | केयर नेपाल/बि ग्रुप | | १०० | - | १ लाख |
| १४ | एक्सन एड | ३०० | | | |
| १५ | बाँके युनेस्को क्लव | १०० | | | |

## १४. निकायगत भूमिका तथा जिम्मेवारी

| क्र.सं. | निकाय | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने (आवश्यकता अनुसार सँघ तथा प्रदेशस्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय) |
| २ | जिल्ला समन्वय समिति | प्रमुख | समन्वयात्मक कार्यमा सहयोग गर्ने (स्रोतः आर्थिक, भौतिक, मानवीय) परिचालन तथा समन्वय गर्ने । |
| ३ | स्थानीय तहहरू | प्रमुख÷अध्यक्ष | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसँग समन्वय गरी राहत कार्यमा नेतृत्व गर्ने,<br>• आवश्यकता अनुसार जिल्ला, प्रदेश तथा संघीय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)<br>• तथ्याङ्क सङ्कलन तथा ब्यवस्थापन (स्रोत आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने । |
| ४ | प्रदेश मातहतका कार्यालय | कार्यालय प्रमुख | • नेतृत्वदायी भूमिका निर्वाह गर्ने<br>• विषयगत क्षेत्रसँग समन्वय गरी राहत कार्यमा नेतृत्व गर्ने,<br>• आवश्यकता अनुसार जिल्ला, तथा संघीय स्तरमा सहयोग (मानवीय, आर्थिक, भौतिकको लागि समन्वय)<br>• तथ्याङ्क सङ्कलन तथा ब्यवस्थापन (स्रोत आर्थिक, भौतिक, मानविय श्रोत परिचालन तथा समन्वय गर्ने । |
| ५ | सुरक्षा निकायहरू | प्रमुख | • सुरक्षा व्यवस्था गर्ने,<br>• विषयगत क्षेत्रहरूलाई सहयोग गर्ने, |

| | | | |
|---|---|---|---|
| ६ | राजनीतिक दलहरू | दलका प्रमुखहरू (अध्यक्ष तथा सभापति) | • समन्वय,<br>• स्रोत सङ्कलनमा सहयोग (जनपरिचालन)<br>• स्रोत सङ्कलनमा सहयोग (जन परिचालन) |
| ७ | नेपाल रेडक्रस सोसाइटी | सभापति | • गैरखाद्य राहत सामाग्री तथा अस्थाई आवास ब्यवस्थापनमा सहयोग,<br>• आपत्कालीन आबास तथा बन्दोबस्ती व्यवस्थापनमा सहयोग गर्ने |
| ८ | जिल्ला अगुवा सहयोगी निकाय | स्रोत केन्द्र प्रमुख | • राष्ट्रिय/अन्तराष्ट्रियगैरसरकारी संघ संस्था तथा सरोकारवालासँग समन्वय र सहकार्य गर्ने ।<br>• DEOC सँग समन्वय गरी सामग्री, आर्थिक तथा प्राविधिक सहयोग गर्ने । |
| ९ | उद्योग वाणिज्य संघ | अध्यक्ष | • न्यानो कपडा तथा कम्मल सामग्री सङ्कलन वितरण र व्यवस्थापनमा सघाउने,<br>• आवश्यक्तानुसार तयारी खाद्यान्न सहयोग<br>• तथ्याङ्क व्यवस्थापन, स्रोत नक्शाङ्कन र कार्ययोजना तयारीमा सहयोग, |
| १० | यातायात व्यवसायी संघ तथा प्रा.लि.हरू | अध्यक्ष | • राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरू र जन शक्ति उपलब्ध गराउने । |
| ११ | सञ्चार माध्यमहरू | नेपाल पत्रकार महासंघ, सञ्चारकर्मीहरू | • सत्यतथ्य सूचना सङ्कलन तथा सम्प्रेषण,<br>• सचेतनामुलक सुचना तथा समाचार सम्प्रेषण गर्ने |
| १२ | गै.स.स.महासंघ, राष्ट्रिय तथा अन्तराष्ट्रिय गै.स.स. | प्रमुख तथा प्रतिनिधि | • मानवस्रोत परिचालन गर्ने,<br>• स्रोत सङ्कलनमा सहयोग गर्ने<br>• गै.स.स. वीच समन्वय,<br>• क्षमता विकास तथा सहजीकरण कार्य गर्ने । |
| १३ | नागरिक समाज | संयोजक | • राहत कार्यमा सहयोग तथा समन्वय,<br>• मानव अधिकारको संरक्षण तथा सम्बन्धी सहयोग, |
| १४ | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | सूचना व्यवस्थापन अधिकृत | • सूचना व्यवस्थापन<br>• सरोकारवालासँग समन्वय |

## १५. प्रतिकार्य विवरण

| क्र.सं. | क्रियाकलापहरू | जिम्मेवार निकाय | स्थान |
|---|---|---|---|
| १ | शीतलहर व्यवस्थापनको अगुवाई | जिल्ला विपद् व्यस्वस्थापन समिति | जिल्लाभर |
| २ | न्यानो कपडा सङ्कलन | स्थानीय तहहरू, उद्योग वाणिज्य संघ,नेपाल रेडक्रस सोसाइटी, मानवीय क्षेत्रमा कार्यरत सघसंस्था | क्षेत्र अनुसार जिल्लाभर |
| ३ | दाउरा सङ्कलन | नगरपालिका, गाउँपालिकाहरू, जिल्ला वन डिभिजन कार्यालय तथा सामुदायिक वन महासंघ | |
| ४ | राहत वितरण | जिल्ला प्रशासन कार्यालय, स्थानीय विपद व्यवस्थापन समिति, सुरक्षाकर्मी, नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा तथा उपशाखाहरू, उद्योग वाणिज्य संघ, मानवीय क्षेत्रमा कार्यरत संघसंस्था | प्रभावित क्षेत्रमा |
| ५ | एम्बुलेन्स सेवा | एम्बुलेन्स सञ्चालक समिति, संघसंस्थाहरू तथा समिति | जिल्लाभर |
| ६ | स्वास्थ्य सिविर | जिल्ला अस्पताल, स्थानीय तह अन्तर्गतका स्वास्थ्य इकाइ र अन्य सेवा प्रदायक संघ संस्था | प्रभावित क्षेत्रमा |
| ७ | विपद सम्बन्धी सूचना तथा जनचेतना | जिल्ला आपत्कालीन कार्य संचालन केन्द्र, पत्रकार महासंघ, स्थानीय संचार माध्यमहरू, जल तथा मौषम फिल्ड कार्यालय | जिल्लाभर |
| ८ | सूचना व्यवस्थापन | जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र | जिल्लाभर |
| ९ | अन्तर जिल्ला र अन्तर पालिका समन्वय | अन्तर जिल्ला तथा पालिकास्तरको सञ्चाल | जिल्ला तथा स्थानीयहरु सवै |

## १६. शीतलहर पूर्वतयारी तथा प्रतिकार्य योजना

| क्र.सं. | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि |
|---|---|---|---|---|
| १ | शीतलहर पूर्वतयारी सम्बन्धि | जिल्ला प्रशासन | जिल्ला तथा स्थानीय | मसिर दोस्रो |

| | | | | |
|---|---|---|---|---|
| | बैठक राख्ने | कार्यालय | विपद् व्यवस्थापन समिति र सरोकारवाला निकाय | हप्ता |
| २ | जाडोको लागि दाउरा र काठ समयमै उपलब्ध गराउने | वन कार्यालय | सामुदायिक वन | तुरुन्तै |
| ३ | सुरक्षा निकायले आवश्यक पूर्वतयारी गर्ने | नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल | जिल्ला विपद् व्यवस्थापन समिति | मंसिर दोस्रो हप्ता |
| ४ | स्वास्थ्य सम्बन्धी समस्यालाई रोकथाम गर्ने, जनचेतनामुलक कार्यक्रम, स्वास्थ्यकर्मी, औषधीहरू, द्रुत प्रतिकार्य समूह परिचालन गर्ने | स्वास्थ्य कार्यालय | स्थानीय तह | तुरुन्तै |
| ५ | आगलागी तथा निसास्सिने समस्याबाट बच्न सचेतनामुलक तथा सन्देशमुलक सत्यतथ्य सूचना स्थानीय भाषामा समेत तयार गरी सञ्चार माध्यम मार्फत प्रचारप्रसार गर्ने | स्थानीय तह | स्थानीय रेडियो, पत्रिका र सञ्चारकर्मी | तुरुन्तै |
| ६ | स्थानीय स्वयमसेवक तयार र परिचालन गर्ने | नगरपालिका तथा गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिती, रेडक्रस र गैसस | तुरुन्तै |
| ७ | न्यूनतम राहत व्यवस्थापन गर्ने | नगरपालिका तथा गाउँपालिका | स्थानीय विपद् व्यवस्थापन समिती र रेडक्रस | मसिर दोस्रो हप्ता |
| ८ | खाद्यान्न र तरकारी बिउ ब्याकअप राख्ने | कृषि ज्ञान केन्द्र र कृषि शाखाहरू | स्थानीय विपद् व्यवस्थापन समिति | मसिर दोस्रो हप्ता |

| | | | | |
|---|---|---|---|---|
| ९ | माछा र पशुपन्छीको उपचार | भेटनरी अस्पताल र पशु सेवा केन्द्र, पशुपन्छी चिकित्सक | स्थानीय तह | तुरुन्तै |
| १० | विभिन्न रोक बिरुद्व भ्याक्सिन लगाउने | भेटनरी अस्पताल र पशु सेवा केन्द्र, पशुपन्छी चिकित्सक | स्थानीय तह | तुरुन्तै |
| ११ | सुरक्षित तथा न्युनतम मानबीयस्तरका अस्थायी आवास र न्यानो कम्बलको व्यवस्था गर्ने | रेडक्रस | स्थानीय तह | मसिर दोस्रो हप्ता |
| १२ | बालबालीका, वृद्धवृद्धा, गर्भवती महिला तथा दिर्घ विरामीहरूको सूची तयार पार्ने | स्थानीय तह | महिला स्वयमसेविकाहरू | मसिर दोस्रो हप्ता |
| १३ | राजमार्गमा सडक दुर्घटनाका न्यूनिकरण सम्वन्धि सचेतना अभियान | जिल्ला ट्राफिक कार्यालय | सुरक्षा निकाय,रेडक्रस, विद्यालय, सघसस्थाहरू | तुरुन्तै |
| १४ | मौसम सम्वन्धि निरन्तर सूचना प्रभाव | जल तथा मौसम विज्ञान विभागको कार्यालय कोहलपुर | जिल्ला तथा स्थानीय तहको आपतकालिन कार्यसंचालन केन्द्रहरु | आवश्यकता अनुसार |
| १५ | विद्दत प्रभाव निरन्तर | विद्दत कार्यालय | स्थानीय तहहरु | तुरुन्तै |
| १६ | सञ्चार सेवा निरन्तर | दुरसञ्चार कार्यालय | स्थानीय तहहरु | तुरुन्तै |

## १७ . शीतलहर तथा चिसोबाट जोगिन गर्ने पूर्वतयारीहरू

- जाडो यामको लागि समयमै न्यानो कपडाको जोहो गर्ने।
- शीतलहरको समयमा घर बाहिर खुल्ला स्थानमा धेरै समय नबिताउने ।
- शीतलहरले पार्ने प्रभाव तथा जोखिमवारे निरन्तर माइकिङ्ग गर्ने।

□ रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओड्ने प्रयोग गर्ने र सुत्दा शरीरका साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने प्रवन्ध मिलाउने।

□ शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने ।

□ चिसोको समयमा शरीरलाई आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने, झोलिलो खानेकुराहरू खाने ।

□ बालबालिका, जेष्ठ नागरिक,अपाङ्कता भएका व्यक्ति, गर्भवती महिला तथा विरामीहरूको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरूलाई न्यानो अवस्थामा राख्ने ।

□ शीतलहर चलेको बेलामा घरेलु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ अथवा टहरामै राखेर प्रर्याप्त घाँस, पराल र दाना दिने ।

□ चिसोको कारण विरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने

□ चिसोका कारण पशुपंक्षी विरामी भएका नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने ।

□ कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेशनको व्यवस्था मिलाउने ।

□ यसका अत्तिरिक्त सम्बन्धित क्षेत्रगत अगुवा निकायले प्रचारप्रसारका लागि उपयुक्त सामग्रीहरू तयार गरी मातहतका निकायहरूलाई परिपत्र गर्ने ।

□ शीतलहरको प्रभाव न्यून गर्न स्थानीय तह, स्थानीय विपद् व्यवस्थापन समितिहरूले जोखिममा रहेका विपन्न तथा गरीव परिवारहरूको पहिचान गरी जिल्ला विपद् व्यवस्थापन समिति, नेपाल रेडक्रस सोसाइटीको समन्वयमा प्रर्याप्त मात्रामा इन्धन, दाउरा तथा कम्बलहरू वितरणकोको व्यवस्था मिलाउने ।

## १८.शीतलहर पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| १ | शीतलहरबाट प्रभावित हुने क्षेत्र तथा लक्षित वर्गको पहिचान गरी तथ्याङ्क अद्यावधिक एवं लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | १. प्रभावित हुने सम्भाव्य जिल्ला तथा जिल्ला अन्तर्गतका बस्ती, समुदाय र लक्षित वर्गको पहिचान गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, जल तथा मौसम विज्ञान विभाग, प्रदेश सरकार, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर १५ गतेभित्र |
| | | २. तत्काल राहत उपलब्ध गराउनु पर्ने जनसंख्याको तथ्याङ्क सङ्कलन तथा विवरण अद्यावधिक गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | |
| | | ३. जेष्ठ नागरिक, बालबालिका, दीर्घरोगी, अपाङ्गता भएका व्यक्ति, गर्भवती तथा सुत्केरी महिला लगायतका संकटासन्न समूहको संवेदनशीलताका आधारमा लाभग्राहीको प्राथमिकता निर्धारण गर्ने। | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | |
| २ | शीतलहरका कारण उत्पन्न हुन सक्ने विपद् प्रतिकार्यका लागि पूर्वानुमान अनुसार पूर्वतयारी तथा पूर्वकार्य | १. शीतलहरको जोखिमबारे आवश्यकता अनुसार बहुभाषामा श्रव्यदृश्य सामग्री उत्पादन एवं सचेतनामूलक कार्यक्रम गरी विद्यालय, समुदाय र आम संचारमाध्यम, सामाजिक सञ्जाल इत्यादि मार्फत जनचेतना | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सुरक्षा निकाय, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, सञ्चार जगत | शीतलहर शुरु हुनु अगावै |

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | गरी क्षति न्यूनीकरण गर्ने। | अभिवृद्धि गर्ने। | तह, सबै Leads & Co-leads | | |
| | | २. पहिचान गरिएका र संकटासन्नताका आधारमा प्राथमिकीकरण भएका शीतलहरबाट प्रभावित हुने संकटासन्न समुदायलाई न्यानो कपडा, कम्बल, दाउरा लगायतका राहत सामग्रीको वितरण गर्ने। | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, सम्बद्ध Leads & Co-leads | सुरक्षा निकाय, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, निजी क्षेत्र | शीतलहर शुरु हुनु अगावै |
| | | ३. शीतलहरका कारण उत्पन्न सक्ने स्वास्थ्य जटिलतालाई मध्यनजर गरी बढी प्रभाव पर्न सक्ने क्षेत्र र समुदायमा रहेका स्वास्थ्य संस्थाहरूमा आवश्यक औषधी उपकरण र जनशक्ति आपूर्तिको सुनिश्चितता गर्ने, आवश्यकता अनुसार स्वास्थ्य शिविर र Telemedicine सेवा सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र अन्तर्गतका स्वास्थ्य संस्थाहरू, प्रदेश सरकार, स्थानीय तह | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित |
| | | ४. शीतलहरको समयमा सडक दुर्घटनाको जोखिम कम गर्न सवारी चालक तथा आम समुदायलाई सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गर्ने। | यातायात कार्यालय, ट्राफिक प्रहरी, संघसंस्था तथा निकाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित |
| | | ५. सवारी साधनमा फग लाईट तथा अन्य आवश्यक पार्ट पुर्जाहरू दुरुस्त रहे नरहेको चेकजाँच गर्ने तथा नियमनलाई थप प्रभावकारी बनाउने। | यातायात कार्यालय, ट्राफिक प्रहरी, नगर प्रहरी | सवारी चालकहरू, यातायात व्यवसायी कम्पनीहरू, सञ्चार माध्यमहरू, नागरिक समाज | नियमित |
| | | ६. यातायात व्यवसायी संघ तथा सम्बद्ध | राष्ट्रिय विपद् जोखिम | यातायात व्यवसायी तथा सवारी चालक | मंसिर देखि |

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | कम्पनीहरू, सवारी चालक संघ लगायतका पेशागत संघसंस्था एवं निकायसँग बैठक तथा समन्वय गरी शीतलहरको समयमा दुर्घटनाको जोखिम कम गर्नका लागि आवश्यक पूर्वतयारी गर्न, गराउन पहल गर्ने। | न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, यातायात व्यवस्था कार्यालय, ट्राफिक प्रहरी, प्रदेश तथा स्थानीय तह | संघसंस्थाहरू | आवश्यकता अनुसार |
| | | ७. शीतलहरबाट प्रभावितलाई मनोसामाजिक परामर्श, स्वास्थ्योपचार लगायतको सहयोगका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, प्रदेश सरकार, स्थानीय तह, सबै Leads & Co-leads | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | नियमित |
| ३ | पूर्वानुमान तथा पूर्वसूचना सम्बन्धी संयन्त्रलाई थप प्रभावकारी बनाई सही सूचना समयमै सही तरिकाले सम्बन्धित व्यक्ति/समुदायले पाउने व्यवस्था मिलाउने। | १. एस.एम.एस., रेडियो, टिभि, सामाजिक सञ्जाल (फेसबुक, भाइबर, व्हाट्सएप, ट्वीटर आदि), समाचार पोर्टल लगायतका विभिन्न सञ्चार माध्यमबाट शीतलहर सम्बन्धी पूर्वसूचना र परामर्श नियमित सम्प्रेषण गर्ने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, संचार जगत | मंसिर देखि जोखिम अवधिभर नियमित |
| | | २. अन्तर सरकारी सूचना सञ्जाल मार्फत शीतलहरको पूर्वानुमान तथा पूर्वसूचना सरोकारवाला सबै निकायले प्राप्त गरी आ-आफ्नो संयन्त्र मार्फत प्रभावकारी सम्प्रेषण गर्ने व्यवस्था मिलाउने। | जल तथा मौसम विज्ञान विभाग, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण | प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक | मंसिर मसान्तभित्र |

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| ४ | सीमित स्रोत साधनको अधिकतम उपयोग हुने गरी राहत सामग्री तथा वित्तीय स्रोतको व्यवस्थापन गर्दै उद्धार तथा राहत व्यवस्थापनलाई प्रभावकारी बनाउने। | १. जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिका विपद् कोषहरूको न्यूनतम मौज्दात सुनिश्चित गर्ने एवं राहत सामग्रीहरूको मौज्दात (stockpile) अद्यावधिक गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह | विपद्सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर २० गतेभित्र |
| | | २. विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत संघसंस्थाहरूसँग रहेको वित्तीय स्रोत र राहत सामग्रीहरूको विवरण अद्यावधिक गरी तयारी अवस्थामा राख्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, स्थानीय तह, सबै Leads & Co-leads | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर २० गतेभित्र |
| | | ३. टाउन हल, स्थानीय समुदायमा रहेका सार्वजनिक भवन, मन्दिरको वाचनालय हल, मस्जिदको प्रार्थना हल, विवाह मण्डप आदिमा एसी, हिटर, तातो पानी पिउने सुविधा आदि व्यवस्था गरी सम्बन्धित समुदायका सङ्कटासन्न मानिसहरूलाई राख्ने व्यवस्था गर्ने। | स्थानीय तह, सम्बन्धित धार्मिक तथा सामाजिक संघसंस्था र समुदाय | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | शीतलहर शुरु हुनासाथ नसकिएसम्म |
| | | ४. सामाजिक सुरक्षा भत्तालाई जाडोको सामना गर्न सदुपयोग गर्ने गरी सम्बन्धित व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने। | स्थानीय तह, धार्मिक तथा सामाजिक संघसंस्थाहरू | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, नागरिक समाज | मंसिर मसान्तभित्र |
| | | ५. राहत तथा वित्तीय स्रोतको थप आवश्यकताको विवरण सङ्कलन गर्ने एवं सम्बन्धित तहमा राहत तथा वित्तीय स्रोतको | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला विपद् | विपद् सम्बद्ध सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज | मंसिर मसान्तभित्र |

| क्र.सं. | रणनीति | क्रियाकलापहरू | जिम्मेवार निकाय | सहयोगी निकाय | समय सीमा |
|---|---|---|---|---|---|
| | | हस्तान्तरण गर्ने। | व्यवस्थापन समिति, स्थानीय तह, सबै Leads & Co-leads | | |
| ५ | सम्बन्धित सबै निकायहरूसँगको समन्वय, सहकार्य र सहभागितामा खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउने। | १. शीतलहरका कारण दुर्घटनाग्रस्त भएका सवारी हटाउन एवं अवरुद्ध सडक सुचारु गर्न आवश्यक मेसिन तथा उपकरणहरू तयारी हालतमा राख्ने । | सडक विभाग, प्रदेश सरकार, जिल्ला सुरक्षा समिति, स्थानीय तह | सुरक्षा निकाय, निजी क्षेत्र | शीतलहरअघि र भएपछि |
| | | २. दमकल तथा अग्निनियन्त्रण मेशिन औजारलाई दुरुस्त गरी तयारी अवस्थामा राख्ने । | स्थानीय तह, सम्बन्धित सुरक्षा निकाय | निजी क्षेत्र | निरन्तर |
| | | ३. विपद्को बेला सञ्चार अवरुद्ध भएमा तत्कालै आपत्कालीन सञ्चार प्रणाली सुचारु गर्न सक्ने संयन्त्र निर्माण गरी परिचालन गर्ने | सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, राष्ट्रिय दूरसञ्चार प्राधिकरण | सञ्चार सह-नेतृत्व (विश्व खाद्य कार्यक्रम), सुरक्षा निकाय, सञ्चार जगत | निरन्तर |
| | | ४. विपद् संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड अनुसार खोज, उद्धार तथा राहत वितरण सम्बन्धी कार्यलाई समन्वयात्मक एवं एकद्धार प्रणाली मार्फत सञ्चालन गर्ने। | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, प्रदेश सरकार, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह, | विपद् सम्बद्ध अन्य सरकारी तथा गैर सरकारी संघसंस्थाहरू, संयुक्त राष्ट्रसंघीय निकायहरू, नागरिक समाज, सञ्चार जगत, निजी क्षेत्र | तत्काल |

## १९.शितलहर तथा चिसो प्रभावित विपन्नहरूकोलागि राहत वितरण गर्न पहिचान फारम

| क्रस | घरमुलीको नाम | ठेगाना | | | घरको अवस्था | | | जग्गा जमिन | | | परिवार संख्या | आयश्रोत | | | ३ महिनाभन्दा कम उमेरका बालबालिका | ८० वर्ष माथिका जेष्ठ नागरिक | पूर्ण अपाङ्गता भएको व्यक्ति | सिफारिश | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | स्थानीय तह | वडा | टोल | पक्की | कच्ची | टहरा | छैन | २ कट्ठाभन्दा कम | २ कट्ठाभन्दा बढी | | मजदूरी | कृषि | अन्य | | | | छ | छैन | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | | | | | | | |